मासु, पोल्ट्री र पोर्क प्रोसेसिङ तथा प्याकेजिङ फसिलिटीहरूमा कर्मचारीलाई COVID-19 को सम्पर्कमा आउनबाट कम गर्ने 9 वटा कदमहरू

आफू र आफ्नो वरिपरि काम गर्ने मानिसहरूलाई सुरक्षित राख्नुहोस्। तपाईंमा COVID-19 का कुनै पनि लक्षणहरू नभएतापनि यी कदमहरूलाई अपनाउनुहोस्।

1. यदि तपाईं बिरामी हुनुहुन्छ भने घरमै बस्नुहोस्।
2. काम गर्ने कर्मचारीहरू बीचमा कम्तीमा पनि छ फिटको भौतिक दुरी कायम राख्नुहोस्।
3. बाहिरै भएतापनि कामको विश्राम समयहरुमा समूहमा जम्मा हुनबाट बच्नुहोस्।
4. भौतिक दुरी बनाउनका लागि प्रोडक्सन लाइनका किनारामा पार्टिसनहरू जडान गर्नुहोस्।
5. उपकरण तथा औजारहरूलाई साझा गर्नबाट बच्नुहोस्। साझा गर्नैपर्ने उपकरण तथा औजारहरूलाई नियमित रूपमा सफा गर्नुहोस्।
6. हात धुनका लागि साबुन तथा पानी प्रयोग गर्नुहोस्।
7. सामान्य सुरक्षा तथा भाइरसको फैलावटलाई रोक्नका लागि सुरक्षात्मक उपकरण लगाउनुहोस्।
8. सुरक्षा तथा स्वास्थ्यसम्बन्धी कुनै पनि चिन्ताका कुराहरूलाई आफ्नो सुपरभाइजर वा OSHA लाई रिपोर्ट गर्नुहोस्।
9. सम्भव भएसम्म काममा आउजाउ गर्दा कारपुलिङ गर्नबाट बच्नुहोस्।

जनस्वास्थ्य सिफारिसहरूका बारेमा अद्यावधिक रहिरहनुहोस्। थप जानकारीका लागि, **www.osha.gov/coronavirus** मा जानुहोस् वा 1-800-321-OSHA (6742) मा फोन गर्नुहोस्।

OSHA® पेशागत सुरक्षा तथा स्वास्थ्य प्रशासन
www.osha.gov

1-800-321-OSHA (6742)
TTY 1-877-889-5627

OSHA 4057-07 2020 – 9 Steps to Reducing Worker Exposure to COVID-19 in Meat, Poultry, and Pork Processing and Packaging Facilities (Nepali)